आज मिति २०८३ जेठ ०४ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा देयाहबमोजिमको उपस्थितिमा १४० औं नगरकार्यपालिका बैठक वसि निम्नानुसार निर्णय गरियो।

<u>उपस्थिती</u>

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण वहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र वहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा वहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री खडग बहादुर राना | शिक्षा उपसचिव | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

## मिति २०८३।०२।०४ गतेको १४० औ कार्यपालिका बैठकका कार्यसुचिहरु

१. गत कार्यपालिका बैठकको निर्यण कार्यान्वयनको समिक्षा सम्वन्धमा ।
२. स्वीकृत बजेट मार्फत विभिन्न संघसंस्थालाई भुक्तानी दिने सम्बन्धमा ।
३. गौशाला व्यवस्थापन खर्च भुक्तानी सम्बन्धमा ।
४. आगामी आ.ब.२०८३/८४ को वार्षिक बजेट तर्जुमा सम्बन्धमा ।
५. भू-उपयोग क्षेत्र वर्गिकरण संशोधनका लागि सूचना प्रकाशन गर्ने सम्वन्धमा ।
६. अध्ययन अवलोकन भ्रमणको खर्च रकम भुक्तानी सम्बन्धमा ।
७. SEE परिक्षामा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थिहरुलाई पुरस्कृत गर्ने सम्बन्धमा ।
८. नगरपालिकाको ग्रिजि भाइब्रेटर मेशिनमा प्रयोग भएको टिप्पर/ढुवानि भाडा भुक्तानी सम्बन्धमा ।
९. वडा नं.०१ स्थित दिपेन्द्र आधारभुत विद्यालय क्षेत्रमा खानेपानी टयाङ्कि निर्माण सम्बन्धमा ।
१०. सिम्ले बगर र भीरकोट पार्क क्षेत्रको नदीजन्य पदार्थ उत्खननको अनुगमन प्रतिवेदन सम्बन्धमा ।
११. तटबन्धन निर्माणका लागि बजेट विनियोजन सम्बन्धमा ।

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वयरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

मिति २०८३।०२।०४ गतेको १४० औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

भीरकोट नगरकार्यपालिकाको यस अगाडिको १३९औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको सम्वन्धमा समीक्षा गरियो ।

निर्णय नं २

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही सम्पन्न भएका तपसिलका योजना तथा कार्यक्रमहरुमा देहायवमोजिमको बजेट रकम विनियोजन गरी सम्वन्धित पक्षलाई भुक्तानी दिने ।

तपसिल

| क्र.स. | भुक्तानी दिने व्यक्ति/संस्था/निकाय | भुक्तानी दिने बजेट शिर्षक | भुक्तानी दिने रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | वालिङ उद्योग वाणिज्य संघ, वालिङ स्याङ्जा | उद्योग वाणिज्य संघ महोत्सव अनुदान | ५०,०००। | |
| २. | नेपाल नगरपालिका संघ | विभिन्न संघसस्था अनुदान | २५,०००। | |

निर्णय नं ३

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही भीरकोट नगरपालिका वडा नं.०८ र ०४ मा रहेका गौशालामा रहेका गाईहरुको संरक्षण, रेखदेख एवं पालनका लागि पराल खरिदमा भएको खर्च रकम रु ४,४५,२५०/ श्री छरिडाडा गौशाला निर्माण उपभोक्ता समितलाई गौशाला व्यवस्थापन बजेट शिर्षकवाट भुक्तानी दिने ।

निर्णय नं ४

गरपालिकाको आर्थिक आगामि वर्ष २०८३/८४ को वार्षिक नीति तथा बजेट तर्जुमा गर्ने सम्वन्धमा तपशिल वमोजिमको मितिमा देहायवमोजिमको कार्यप्रकृया अगाडि वढाउने ।

| सि नं | कार्यक्रम | मिति |
|---|---|---|
| १ | राजश्व परामर्श समितिको बैठक | सम्पन्न भइ सकेको |
| २ | श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति | सम्पन्न भइ सकेको |
| ३ | वस्ती तथा वडा स्तरमा आयोजना छनौट/ प्राथमिकिकरण | २०८३/२/१४ देखि २६ सम्म |
| ४ | विषयगत समितिहरुको बैठक | २०८३//२/२८ |
| ५ | कार्यपालिका बैठक | २०८३ असार पहिलो हप्ता सम्म |

लक्ष्मण ... प्रसाल
... अधिकृत

... कुमार ... आचार्य
नगर प्रमुख

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वलेरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ६ | नगर सभामा नीति/आयोजना तथा कार्यक्रमको वजेट प्रस्तुती | २०८३/३/१० |
| ६ | नगर सभावाट वजेट स्वीकृति | २०८३/३/३० |

निर्णय नं ०५

केहि नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ को ऐन नं १७ ( भु उपयोग ऐन २०७६) मा संशोधन भई दफा २ को प्रयोजनार्थ कुनै व्यक्तिले निजको हकभोगमा रहेको जग्गा निर्धारित भु-उपयोग क्षेत्रभन्दा फरक प्रयोजनमा प्रयोग गर्नुपर्ने भएमा सोको आधार र कारण खुलाई स्थानीय भु-उपयोग परिषदमा निवेदन दिनुपर्ने व्यवस्था भएअनुसार सो प्रयोजनको लागि ३५ दिनको सार्वजनिक सूचना प्रकाशित गरी निवेदन संकलन गर्ने ।

निर्णय नं ०६

भीरकोट नगरपालिकाका कर्मचारीहरु र जनप्रतिनिधिहरुको ६ दिने अध्ययन अवलोकन भ्रमणमा भएको तपसिल बमोजिमको खर्च रकम अनुमोदन गर्ने ।

<u>तपसिल</u>

| सि. नं. | खर्चको विवरण | परिमाण | जम्मा रकम |
|---|---|---|---|
| १ | सहभागी खाना खर्च (दिनको २ पटक) | २४ जना | १,३२,७६५/ |
| २ | खाजा (दिनको २ पटक) | २४ जना | १,००,२२३/ |
| ३ | बास खर्च | २४ जना ६ दिन | ९७,०९९/ |
| ४ | गाडी/बस भाडा खर्च | ४०,०००*६ दिन | २,४०,०००/ |
| ५ | संयोजक भत्ता | ५००*६ दिन | ३,०००/ |
| ६ | प्रस्तावना तथा प्रपोजल लेखन | | १,५००/ |
| ७ | फुटकर खर्च | | २,७४५/ |
| | जम्मा | | ५,७७,३३२/ |

निर्णय नं ०७

भीरकोट नगरपालिका अन्तर्गतका विद्यालयहरुबाट २०८२ सालको एस. ई. ई. परिक्षामा देहायबमोजिम उत्कृष्ट नतिजा हासिल गर्ने सफल विद्यार्थीहरुलाई तपशिल वमोजिमको पुरस्कार रकम र सम्मान पत्रबाट विभिन्न दिवस तथा समारोह बजेट शिर्षकबाट खर्च लेखेगरी सम्मानीत गर्ने ।

लक्ष्मण ...साल
प्रमुख प्रशासकीय अधिकृत

...न्द्र कुमार कर्माचार्य
नगर प्रमुख

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वयरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

तपसिल

| सि नं | नाम थर | विद्यालयको नाम | प्राप्त गरेको जि पि ए | पुरस्कार रकम |
|---|---|---|---|---|
| १ | नितेस काफ्ले | सहित सुक्र माध्यामिक विद्यालय | ४ जि पि ए | २०,००० |
| २ | चाहान के. सी. | दहथुम माध्यामिक विद्यालय | ३.९१ जि पि ए | १३,३३३ |

निर्णय नं ०८

यस नगरपालिकावाट सञ्चालित ग्रिजी स्क्रिनिङ भाइब्रेटर मेशिनमा तपशिलका फर्मवाट ढुवानी गरेको हुँदा उक्त ढुवानी रकम नियमानुसार भुक्तानी दिने ।

| सि नं | फर्मको नाम | टिप्पर नं | प्रयोग भएको घण्टा | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | जयलक्ष्मी हार्डवयर्स एण्ड सप्लायर्स | ग १ क ६३४० | ९६.१५ | १५५० | १६८४०६ |
| १ | किस्मत कन्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रा लि | ना ७ ख ५३७९ | ६१.५ | १५५० | १०७७१७ |

निर्णय नं ०९

भीरकोट नगरपालिका वडा नं १ भलुवाडाँडामा अवस्थित श्री दिपेन्द्र आधारभुत विद्यालय विगत लामो समय देखि समायोजन भई खाली रहेकोमा गण्डकी प्रदेशद्वारा सन्चालित भीरकोट अस्पताल खानेपानी योजनाको लागि सो विद्यालयको जग्गामा टंकी निर्माणको अनुमतिको पाँउ भनी खानीपानी उपभोक्ता समितिवाट यस कार्यालयमा अनुरोध भई आएको हुँदा सो स्थानमा खानेपानी टंकी निर्माणको अनुमती प्रदान गर्ने।

निर्णय नं १०

भीरकोट नगरपालिकाको सिम्ले वगर र भीरकोट पार्क क्षेत्रको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा विक्रीवितरण गर्नको लागि यस कार्यालयको ठेक्का नं.BM/SBBP/SQ02/2082/83 बाट वोलपत्र आव्हान गरी नियमानुसार सर्मिला निर्माण सेवाको बोलपत्र स्वीकृत भई कार्यदेश दिएकोमा सम्झौता वमोजिमको परिमाण एकिन गरी नापजाँच नभएसम्मको लागि यस नगरपालिकाको मिति २०८२/१२ /१९ को कार्यपालिका वैठकको निर्णय अनुसार मिति २०८२/१२/१९ गतेबाट उत्खनन् तथा विक्रीवितरण गर्ने कार्य वन्द गरिएकोमा नगरस्तरिय अनुगमन समितिले सम्बन्धित वडाका वडा अध्यक्ष र सम्बन्धित व्यवसायि समेतको रोहवरमा संयुक्त प्राविधिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्न लगाउने।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

... कुमार आचार्य
नगर प्रमुख

निर्णय नं ११

भीरकोट नगरपालिका वडा नं. ०१ स्थित हटिया क्षेत्र जोखिमयुक्त देखिएको र सो क्षेत्रमा तटबन्धन निर्माण नगरेमा आँधिखोलाले खेतियोग्य जमिन र बयरघारी वस्ती समेत जोखिममा पर्ने देखिएको हुँदा समपुरक कोषबाट उक्त आयोजना कार्यान्वयन गर्नका लागि रु १३ लाख बजेट विनियोजन गरी कार्यप्रक्रिया अगाडि बढाउने ।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख